राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY
१७औं प्रतिदिन वार्षिकोत्सव



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २५६ ॥ २०८२ कातिक ३० गते आईतबार (16th Nov 2025 Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-

# जिल्लाभरिका नेता कार्यकर्तालाई उतार्दै बिर्तामोडमा जागरण सभा



बिर्तामोड(प्रस)। संसद पुनर्स्थापनाको माग गर्दै आन्दोलनरत नेकपा एमालेले झापा जिल्लाभरिका नेता कार्यकर्तालाई बिर्तामोडमा उतार्दै जिल्लास्तरीय जनजागरण कार्यक्रम गरेको छ । जेनजी आन्दोलनपछि अस्तित्वको लडाइँमा रहेको एमालेले जिल्लाका १५ वटै पालिकाका कार्यकर्ताहरुलाई भेला गर्दै आफ्नो शक्तिलाई एकत्रित गर्न खोजेको हो ।

बिर्तामोडको शनिश्चरे लाइन, भद्रपुर रोड, पश्चिम लाइनबाट आएका र्‍यालीहरु मुक्तिचोकमा एकमुष्ट जम्मा भई कार्यक्रम स्थल सिटी सेन्टर पुगेर सभामा परिणत भएको थियो । सभामा करिव ४ हजारको संख्यामा नेता कार्यकर्ता सहभागी रहेको अनुमान गरिएको छ । यसअघि नेकपा एमाले झापाका अध्यक्ष प्रेम गिरीले जागरण सभामा २० हजार जनाको सहभागिता रहने दावी गरेका थिए ।
सभालाई सम्बोधन गर्दै एमालेका केन्द्रीय कमिटी सचिव पद्मा अर्यालले संसद पुनर्स्थापना, संविधानको रक्षा तथा असंवैधानिक सरकारी कदमविरुद्ध दबाब सिर्जना गर्न पार्टीले देशभर जागरण सभामार्फत अभियान सुरु गरेको बताइन् । जेनजी आन्दोलनका क्रममा भएका आपराधिक तथा अराजक गतिविधिमा संलग्न व्यक्तिहरूलाई कारबाही गराउन सरकारलाई दबाब दिने उद्देश्यले पनि जनजागरण सभा आयोजना गरिएको उनको भनाई थियो ।
भदौ २३ गतेको आन्दोलनको आक्रोशका कारण भदौ २४ गते विध्वंस भएको भन्ने दावीको खण्डन गर्दै एमाले सचिव अर्यालले भनिन् 'उक्त घटनाको लागि देशद्रोहीहरुले महिनौदेखि तयारी गरेको पोख्त प्रमाणहरु जुटिसकेको छ । वर्तमान निर्दलीय सरकारले घटनामा संलग्न दोषीहरुको पहिचान गरी कारबाही गर्ने आँट देखाएन भने जनताको मतबाट निर्वाचित प्रतिनिधिको हाम्रो सरकारले अवश्य नै गर्नेछ ।'
नेतृ अर्यालले जेनजी आन्दोलनका मागहरू एमालेको पनि माग भएको दावी गर्दै ती मागहरू उचित ढङ्गले सम्बोधन हुनुपर्ने धारणा राखिन्। जिल्ला अध्यक्ष प्रेमबहादुर गिरीको अध्यक्षतामा भएको जागरण सभालाई जिल्ला कमिटीका सचिवालय सदस्य तथा अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (अनरास्ववियु) केन्द्रीय कमिटीका पूर्वसचिव मानोज ताम्ली, केन्द्रीय कमिटीका सदस्य तथा झापा जिल्ला इन्चार्ज रोमनाथ ओली र एमाले बिर्तामोड नगर कमिटी अध्यक्ष सुवास भट्टराईले सम्बोधन गरेका थिए । पार्टी जिल्ला कमिटी सचिव तुलसी कार्कीले सञ्चालन गरेको सो जनजागरण सभामा उपाध्यक्ष शिव ढुंगेलले स्वागत गरेका थिए । विभिन्न पालिकाबाट कार्यकर्तालाई बिर्तामोडमा ल्याउन ५० भन्दा बढी बसको व्यवस्था गरिएको थियो ।

एमालेको केन्द्रीय कार्यक्रम अनुसार शनिवार देशभर जिल्लास्तरीय जनजागरण कार्यक्रमहरु भएका छन् । कतिपय जिल्लामा जनजागरण सभा गरिएको छ भने कतिपय जिल्लामा मोटरसाइकल र्‍याली, अन्तरक्रिया जस्ता कार्यक्रम गरिएको जनाइएको छ ।

## मोटरसाइकल र्‍यालीमा मान्छे उतार्न पेट्रोल वितरण

झापा(प्रस) । नेकपा एमालेद्वारा सिरहा सदरमुकाममा आयोजित कार्यक्रममा मानिसहरूको भीड देखाउन इन्धन वितरण गरिएको पाइएको छ । प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै शनिबार सिरहामा एमालेद्वारा आयोजित मोटरसाइकल र्‍याली तथा जागरण सभामा मान्छे उतार्न इन्धन बाँडिएको हो ।
सिरहास्थित जयशंकर ट्रेड सेन्टरमा सवार ीसाधनमा इन्धन वितरण गर्ने कामको अगुवाइ गर्दै भेटिएका एक एमाले कार्यकर्ताले प्रतिमोटरसाइकललाई तीन लिटर पेट्रोल वितरण गरिएको बताए । गाउँ-गाउँबाट मान्छे बोकेर आएका ठूला सवारीसाधनलाई भने १० देखि १५ लिटरसम्म डिजेल तथा पेट्रोल वितरण गरिएको उनले सुनाए ।
यहाँ मात्र नभई जिल्लाका अन्य पायक पर्ने विभिन्न पेट्रोल पम्पबाट समेत इन्धन वितरण गरिएको थियो । यस कार्यक्रममा सिरहा जिल्लाका १७ वटै स्थानीय तहबाट करिब ८ हजार मोटरसाइकल र १५ हजारभन्दा बढी मान्छे सहभागी भएको एमालेका मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डलको दाबी छ ।
कार्यक्रममा सहभागी रहेका मण्डलले इन्धन बाँडिएको कुरा सुरुमा अस्वीकार गरेका थिए । तर, पछि स्वीकार गर्दै उनले भने, 'सरकारी रकमबाट होइन, पार्टीले कार्यकर्ताबाटै सहयोग उठाएर इन्धन वितरण गरेको हो ।'
कार्यक्रममा एमाले स्थायी कमिटी सदस्य लीलानाथ श्रेष्ठसहित प्रदेश र जिल्ला तहका नेताहरू पनि कार्यक्रममा सहभागी थिए ।

## बुद्धशान्तिका बृद्धले शरीरमा पेट्रोल छर्केर गरे आत्मदाह

झापा(प्रस) । झापा बुद्धशान्तिका एक बृद्धले आफ्नो शरीरमा पेट्रोल छर्केर आत्मदाह गरेका छन् ।
शुक्रवार राति ११.३० बजे बुद्धशान्ति गाउँपालिका ६ सन्तपुर बस्ने ८४ वर्षीय डिल्लीराम अधिकारीले घरबाहिर आँगनमा आफ्नो शरीरमा आफैले पेट्रोल खन्याई आगो लगाई आत्मदाह गरेका हुन् । जलेर मृत अबस्थामा उनका काईला छोरा भोगेन्द्र



अधिकारीले फेला पारेका थिए । केही महिनाअघि उनले प्रोस्टेडको अप्रेशन गरेका थिए । त्यस्तै डिप्रेसनको बिरामी भएर उनले औषधी सेवन गर्दै आएका थिए । थप अनुसन्धान तथा कानुनी प्रकृया पूरा गरी मृतकको शवलाई पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको प्रहरीले जनाएको छ ।

## देबी माविमा ६ करोडको भवन शिलान्यास

झापा(प्रस) । झापा बिर्तामोड नगरपालिका-५ स्थित देबी माध्यमिक विद्यालयमा 'बिग स्कूल प्रोजेक्ट' अन्तर्गत निर्माण हुन लागेको नयाँ भवनको शनिवार औपचारिक रूपमा शिलान्यास गरिएको छ।
विद्यालय व्यवस्थापन समितिका सदस्य रतन राजवंशीको अध्यक्षतामा आयोजित कार्यक्रममा विघटित प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले भवनको शिलान्यास गरेका थिए। कार्यक्रममा पूर्व महान्यायाधिवक्ता अग्निप्रसाद खरेल, विभिन्न राजनीतिक दलका प्रतिनिधि, शिक्षक, अभिभावक तथा विद्यार्थीको उल्लेख्य उपस्थिति रहेको थियो।
नेपाल सरकार शिक्षा मन्त्रालयको केन्द्रीय आयोजना कार्यान्वयन इकाईमार्फत सञ्चालन हुने 'बिग स्कूल प्रोजेक्ट' अन्तर्गत देबी माध्यमिक विद्यालयमा ६ करोड रुपैयाँको लागतमा भवन निर्माण कार्य अघि बढाइने विद्यालयले जानकारी दिएको छ।

शिलान्यास समारोहलाई सम्बोधन गर्दै सभामुख घिमिरेले जेनजी आन्दोलनमा युवा पुस्तालाई दुरुपयोग गरिएको आरोप लगाए। उनले असंवैधानिक रूपमा सरकार गठन भएको दाबी गर्दै नयाँ सरकारले प्रारम्भमै राम्रो काम र दीर्घदृष्टियुक्त योजनाहरू खारेज गर्न सुरु गरिसकेको आरोप लगाए ।
त्यसअन्तर्गत बजेट कटौती, भवन उद्घाटन तथा शिलान्यास नगर्ने नीति अवलम्बन गरेर सरकारले गलत मनसाय देखाएको उनको आरोप थियो।

कार्यक्रममा विद्यालयकी प्रधानाध्यापक अम्बिका श्रेष्ठले स्वागत मन्तव्य राखेकी थिइन्।

त्यसैगरी नेपाल सरकार शिक्षा मन्त्रालयका केन्द्रीय आयोजना कार्यान्वयन इकाईका निर्देशक लक्ष्मीप्रसाद भट्टराई, बिर्तामोड नगरपालिका प्रमुख पवित्रा महतारा प्रसाई, उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, शिक्षा शाखा प्रमुख तिलचन भण्डारीलगायतले भवन निर्माण सम्पन्न भएपछि विद्यालयको शैक्षिक वातावरण थप सुदृढ हुने विश्वास व्यक्त गरे। कार्यक्रमको सञ्चालन विद्यालयका सहायक प्रधानाध्यापक लीलाप्रसाद भण्डारीले गरेका थिए।

# निर्वाचनका निम्ति हरसम्भव सहयोग गर्ने चीनको प्रतिबद्धता

झापा(प्रस) ।नेपालका लागि चीनका राजदूत छन सङले आम निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न चीनबाट नेपाल सरकारलाई हरसम्भव सहयोग हुने प्रतिबद्धता व्यक्त गरेका छन् ।
आगामी निर्वाचनका अतिरिक्त जारी द्विपक्षीय सहयोगका परियोजनामा पनि प्रगति भएकामा सन्तुष्टि व्यक्त गर्ने चिनियाँ राजदूतले 'बेल्ट एन्ड रोड' परियोजनामा पनि उल्लेख्य प्रगति भएको बताए । 'नेपालमा व्यापार, लगानी, औद्योगिक 'पार्क' निर्माणलगायत सबैतिर प्रगति भएको छ, केही आयोजनामा केही विलम्ब हुनु अस्वभाविक होइन', उनले भने ।
'बीआरआई परियोजनामा प्रगति भएको छ । ती सबै प्रशासनिक प्रक्रियामा छन्, तिनको सफल कार्यान्वयनका निम्ति स्थायी सरकार अपरिहार्य छ । आगामी चुनावपछि बन्ने सरकारबाट ती परियोजना द्रुतगतिमा कार्यान्वयन हुनसक्छन्,' राजदूत छनले भने- 'हामी अन्तरिम सरकारसँग पनि निकट सम्पर्क र समन्वयमा काम गरिरहेका छौं, तर यो सरकारको 'म्यान्डेट' आमनिर्वाचन गराउनुभएकाले हामीले निर्वाचनलाई नै प्राथमिकतामा राखेर काम गरिहेका छौं ।'
चीनले हालै सार्वजनिक गरेको पञ्चवर्षीय योजनाको नेपाललगायत सबै छिमेकीका निम्ति आर्थिक विकासको ढोका खोल्ने जानकारी दिँदै चिनियाँ राजदूतले नेपालको आवश्यकताअनुसार योजना तर्जुमा गरिएको बताए ।
'नेपालका कृषि उत्पादनलाई चिनियाँ बजारमा पुऱ्याउने परियोजनामा काम भइरहेको छ, हाम्रो तयारी अन्तिम चरणमा पुगेको छ', पञ्चवर्षीय योजनाका विशेषताबारे जानकारी दिँदै राजदूत छनले भने । ती योजना चीन र नेपालका निम्ति वरदान

❖ बाँकी पृष्ठ ४ मा

## दुईवटा सिटी र एउटा मोटरसाइकल चोरियो

झापा(प्रस) । झापामा चोरीका घटना बढ्दै गएको छ । दुई दिनमा दुईवटा सिटी सफारी र एउटा मोटरसाइकल चोरी भएको हो । बिहीवार बिहानको राति बिर्तामोड -५लायना होटल अगाडी चार्जमा राखेको मेचीनगर- ६ धुलाबारी बस्ने ३३ वर्षीय रोशन राजवंशीको नाममा रहेको प्र१-०१-०२ ह ५७९९नम्बरको हरियो रङको सिटी सफारी चोरी भएको छ । त्यसअघि कात्तिक २६ गते राति मेचीनगर नगरपालिका वडा नम्बर -१० आम्दा रोड बस्ने बिष्णुप्रसाद पौडेलको घरअगाडि पार्किङ गरी राखिएको प्र.१-०१-००२ ह२४९२ न.को सिटी सफारी हराएको थियो । कात्तिक २७गते दिउँसो ४ बजे इलाका प्रहरी कार्यालय धुलाबारीमा सिटीधनी पौडेलले निवेदन दिएपछि खोजतलासका क्रममा चिया बगानमा सो सिटी सफारी भेटिएको प्रहरी निरीक्षक नकुलराज गौतमले जानकारी दिए ।

त्यस्तै शुक्रवार विहान ११ बजेतिर झापा गाउँपालिका वडा नं.६चप्रामारीस्थित बाटोमा पार्किङ गरी सोही स्थानमा धान काट्ने क्रममा वडा नं.४बस्ने इजाबुल भामको नाममा दर्ता रहेको प्र १-०१-०१४प७९३नम्बरको रातो कालो रङको सुपर स्प्लेण्डर मोटरसाइकल चोरी भएको छ । यसअघि गत साता बिर्तामोडमा दुईवटा मोटरसाइकल चोरी भएको थियो ।

# विहारमा सकियो वंश-विरासतको लालुको राजनीति

:एजेन्सी । तेजस्वी यादव बिहार विधानसभामा सबैभन्दा ठूलो पार्टीको नेता थिए र विपक्षको सशक्त अनुहार थिए । तर, शुक्रबार सार्वजनिक नयाँ मतपरिणामअनुसार राष्ट्रिय जनता दल (आरजेडी) २ सय ४३ सदस्यीय विधानसभामा २५ सिटमै खुम्चियो ।तेजस्वी आफैंले राघोपुरबाट झिनो मतान्तरले जिते ।महागठबन्धनका अन्य घटकहरुको अवस्था आरजेडीभन्दा पनि खराब छ । कंग्रेस आईले ६ सिटमात्रै जित्यो ।
कम्युनिष्ट पार्टी अफ इन्डिया मार्क्सवादी-लेलिनवादी (.लिबरेशन) २ सिट, इन्डियन इन्क्लुसिभ पार्टी (आईआईपी) १ सिट र कम्युनिष्ट पार्टी (मार्क्सवादी) ले १ सिट जिते ।
सत्तारुढ राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडीए) २ सय २ स्थानमा विजयी हुँदा महागठबन्धन ३५ सिटमै सिमित भयो ।
एनडीए घटकमध्ये भारतीय जनता पार्टी ८९ सिट ल्याउँदै पहिलो र मुख्यमन्त्री नितिशकुमार नेतृत्वको जनता दल युनाइटेड (जेडीयू) ८५ सिट ल्याउँदै दोस्रो भयो । चिराग पासवान नेतृत्वको लोक जनशक्ति पार्टी (रामविलास) १९ सिट ल्याउन सफल भयो । यही गठबन्धनका अन्य सहयोगी दलले ९ सिट ल्याए ।
सन् २०२० मा तेजस्वी यादवको नेतृत्वमा बिहार विधानसभामा आरजेडी ७५ सिट जितेर पहिलो पार्टी बनेको थियो । तर, गठबन्धनका अन्य घटकहरुले यस निर्वाचनमा राम्रो नतिजा ल्याउन सकेका थिएनन् । महागठबन्धनका सबै घटकको सिट जोड्दा १ सय १० थियो ।
उता, एनडीएसँग १ सय २५ सिट थियो ।
१० अगस्ट २०२२ मा गठबन्धनमा देखिएको आन्तरिक किचलोपछि मुख्यमन्त्री नितिशकुमारले राजीनामा दिए । त्यसपछि नयाँ सरकार गठनका लागि आरजेडी र कंग्रेस आईसँग हात मिलाए । यतिबेला नितिशकुमारको सरकारमा तेजस्वीलाई दोस्रोपटक उपमुख्यमन्त्री बन्ने अवसर आयो । तर यो गठबन्धन पनि लामो समय गएन ।
गठबन्धन फेर्न माहिर नितिशकुमारले जनवरी २०२४ मा फेरि राजीनामा गरे । उनकै नेतृत्वमा फेरि एनडीएको सरकार बन्यो । त्यसयता, प्रमुख प्रतिपक्षी दलको नेताका रुपमा तेजस्वीले बिहारको सुशासन, राजनीतिक अराजकता र बेथितीविरुद्ध लगातार औंला ठड्याउँदै आएका छन् ।
सशक्त प्रतिपक्षको भूमिका निर्वाह गरेकाले यसपाली निर्वाचनमा उनले राम्रो मत ल्याउने आँकलन गरिएको थियो । जो, गलत साबित भयो ।
पिता लालु यादवको राजनीतिक विरासत सम्हालेका तेजस्वीका लागि अहिले पारिवारिक-राजनीतिक दुबै अवस्था प्रतिकुल छ । उनका दाजु तेजप्रसाद यादवले पार्टीबाट कारबाहीमा परेपछि भाइलाई चुनौती दिदैं जनशक्ति जनता दल खोलेर महुवाबाट उम्मेदवारी दिएका थिए । तर, नमिठो हार व्यहोरे ।
अर्कोतर्फ, दिदी रोहिणी आचार्यले पनि पार्टी र परिवारभित्रै विद्रोह गरेकी छिन् । चुनावको नतिजा सार्वजनिक हुनासाथ सामाजिक सञ्जालमा उनले पार्टी र परिवारसँग नाता तोडेको घोषणा गरेकी छिन् । उनको असन्तुष्टी चुनावताका नै सामाजिक



सञ्जालमा पोखिएको थियो ।
गत सेप्टेम्बरमा आरजेडीको 'भोटर अधिकार यात्रा' का दौरान गाडीको अगाडिपट्टीको सिटमा आरजेडीका नेता सञ्जय यादव बसेको रोहिणीलाई चित्त बुझेको थिएन । पार्टीभित्र सञ्जयको बढ्दो प्रभावलाई लिएर असन्तुष्ट बनेकी उनले सामाजिक सञ्जालमा पार्टी कार्यकर्ता आलोक कुमारको एउटा पोस्ट शेयर गरेकी थिइन् ।
जहाँ लेखिएको थियो, 'अगाडिको सिट सधैं सर्वोच्च नेताका लागि रिजर्भ हुन्छ । यदि कसैले आफैंलाई सर्वोच्च नेताभन्दा ठूलो देख्न थाल्छ भने यो अझै गम्भीर सवाल बन्छ ।' लगत्तै उनले लालु यादव र तेजस्वीसहित आरजेडीका धेरै नेताहरुलाई एक्समा अनफलो गरिन् ।
लालु-राबरीका पाँच छोराछोरीमध्ये चारजना राजनीतिमा छन् र उनीहरुबीचको खिचातानी बिहारका सबै जनताले छर्लङ्गै देखेका छन् ।
वंश-विरासतको लालुको राजनीति विपक्षीहरुका लागि गतिलो चुनावी मसाला बन्ने गरेको छ । 'राज्यमा जो व्यक्तिले कुप्रशासन फैलाए । उनले पद छाड्ने अवस्था आउँदा आफ्नै पत्नीलाई मुख्यमन्त्री बनाए,' अक्टुबरमा समस्तीपुरमा आयोजित भेलामा लालुलाई व्यङ्ग्य गर्दै मुख्यमन्त्री नितिशकुमारले भनेका थिए,'तर अझैसम्म पनि स्वभाव सुध्रिएको छैन । अहिले छोराछोरीलाई अघि बढाइरहेका छन् ।'
सन् १९९७ मा चारा घोटालामा फसेपछि लालुले पत्नी राबरीदेवीलाई मुख्यमन्त्रीको सपथ दिलाएका थिए । उनले २००५ सम्म मुख्यमन्त्री सम्हालिन् । अहिले लालु आरजेडीको अध्यक्षको संरक्षक छन् । र, उनका छोरा-छोरी पार्टीमा प्रभाव जमाउनका लागि प्रतिस्पर्धामा छन् । आफ्ना दाई र दिदीहरुलाई पछि छाडेर बिहारमा युवा नेताका रुपमा उदाएपनि तेजस्वीलाई परिवारभित्रैबाट समर्थन छैन ।
एनडिए गठबन्धनले लालु-राबरी कार्यकाल (१९९०-२००५) का भ्रष्टाचार र अपहरण मुद्दालाई 'जंगलराज' भनेर संयोजित प्रचार गरिरहँदा महागठबन्धनका अन्य घटकहरु त्यसको प्रतिपक्षमा एकजुट भएर उभिएको देखिएन । उनीहरु टिकट बाँडफाँड र सिट सुरक्षित गर्ने विषयलाई लिएर आपसी विवादमै थिए । सिट बाँडफाँड टुंग्याउनमै ठूलो समय खर्चिएको आरजेडीले कुल १ सय ४४ सिटमा उम्मेदवारी दिएपनि पार्टीमा सबै समुदायको भावनालाई समेट्न नसकेको आरोप खेप्नुपरेको थियो ।
यसपटक ५२ जना यादव उम्मेदवार आरजेडीबाट चुनावी मैदानमा थिए । जो, आरजेडीलाई प्राप्त सिटमध्ये ३६ प्रतिशत थियो । जबकी ३७ प्रतिशत हाराहारीमा रहेका अति पिछडिएका समुदाय (ईबीसी) का ११ प्रतिशत उम्मेदवारमात्रै चुनावी मैदानमा थिए।
१४ प्रतिशत यादवको भोट बैंक सुरक्षित गर्न धेरै उम्मेदवार उठाउँदा गैरयादवहरु झस्किए । उच्च जाति र अति पिछडिएका जाति दुबै आरजेडीसँग टाढा भएजस्तो देखियो । उता, भाजपाले 'यादव राज'को खतरा देखाएर मध्यम वर्ग र ग्रामीण मतदातालाई प्रभावित गरिरह्यो ।
महागठबन्धनको घोषणा पत्रलाई नै 'तेजस्वीका प्रण' नाम दिइएको थियो । यसले अन्य पार्टीलाई कम महत्व दिएजस्तो देखियो । चुनावी प्रचारमा पनि तेजस्वीकै फोटो हाबी थियो । जबकी उनको सक्रियता विगतको दाँजोमा कम रह्यो । उनी प्रायजसो आरजेडीकै विधानसभा क्षेत्रमा केन्द्रीत रहे ।
सन् २०२० मा उनले २०० ठाउँमा सभालाई सम्बोधन गरेका थिए । यसपटक १ सय चुनावी सभालाई मात्रै सम्बोधन गरे । उनको अनुपस्थितिले धेरै क्षेत्रका मतदातालाई महागठबन्धन बलियो भएको सन्देश मिल्न सकेन ।

## मधेश किचलो

# सर्वदलीय बैठक सात दलद्वारा बहिष्कार



झापा(प्रस) । मधेश प्रदेशका प्रमुख डा. सुरेन्द्र लाभ कर्णले बोलाएको सर्वदलीय बैठक सात दलीय गठबन्धनले बहिष्कार गरेको छ । शनिबार दिउँसो ३ बजेका लागि आह्वान गरिएको सर्वदलीय बैठक नेपाली कांग्रेस, जसपा नेपाल, जनमत पार्टी, माओवादी, लोसपा, एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीले बहिष्कार गरेका हुन्।

मधेशको राजनीति अहिले गिजोलिएको छ। तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिने दिन (कात्तिक २२ गते)देखि सुरु भएको किचलो नयाँ मुख्यमन्त्री, प्रदेश प्रमुख परिवर्तन र दलहरूबीच एकअर्काविरुद्ध आरोप प्रत्यारोप हुँदै कारबाहीसम्म पुगेको छ।

प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलहरू अहिले दुईतिर विभाजित छन्। एकातिर नेकपा एमाले र एक-एक सिट भएका नेपाल संघीय समाजवादी पार्टी तथा राप्रपा छन् भने अर्कातिर सात दलीय गठबन्धन छ।

बैठकमा मुख्यमन्त्रीसमेत रहेका नेकपा एमाले संसदीय दलका नेता सरोज कुमार यादव सहभागी हुने भएका कारण आफूहरूले बैठक बहिष्कार गरेको सात दलीय गठबन्धन सम्बद्ध दलहरूले बताएका छन्।

जनमत पार्टीका मधेश संसदीय दलका नेता महेश यादवले अवैधानिक मुख्यमन्त्रीलाई बोलाएका कारण आफूहरू बैठकमा नगएको बताए। 'अवैधानिक मुख्यमन्त्रीलाई बोलाएकाले हामी नगएका हौँ । हामी (सरोजकुमार यादव) विरुद्ध त अदालतमा मुद्दा छ यस्तो अवस्थामा पार्टीका कोही प्रतिनिधिलाई पठाउँदा पनि त हुन्थ्यो', उनले भने, 'अवैधानिक मुख्यमन्त्रीसँग छलफल गर्नु छैन हामीलाई ।'

# लायन्स क्लब बिर्तामोड सिटीद्वारा वृद्धवृद्धालाई सहयोग



झापा(प्रस) । लायन्स क्लब अफ बिर्तामोड सिटीले बिर्तामोडस्थित परोपकार तथा अनुसन्धान केन्द्रद्वारा संचालित वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरुको स्वास्थ्य जाँचसंगै खाद्यान्न तथा न्यानो कपडा वितरण गरेको छ ।

विश्व मधुमेह दिवस तथा लायन्स क्लब अफ बिर्तामोड सिटीका फर्स्ट भाइस प्रेसिडेन्ट संजय चौधरीको जन्मदिनको अवसरमा वृद्धाश्रमका वृद्धवृद्धाहरुलाई सो सहयोग गरिएको हो ।

क्लबका अध्यक्ष राजकुमार गुप्ताको अध्यक्षता एवं वरिष्ठ मुटु तथा मधुमेह रोग विशेषज्ञ डाक्टर सि. पी. यादवको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । साथै सो कार्यक्रममा श्री छठ समाज सेवा समितिकी अध्यक्ष संगिता रौनियार , पूर्व अध्यक्ष प्रेमचन्द चौधरी,देवेन्द्र सिंह, सल्लाहकार निर्मलकुमार पाण्डे,लायन्स क्लब ३२५सी को जोन चेयर पर्सन पार्वता गिरी ,क्लबका डिस्ट्रिक मार्केटिङ अफिसर तथा चार्टर प्रेसिडेन्ट निरज ओली, क्लबका निवर्तमान अध्यक्ष उपेन्द्र बानियाँको विशेष आतिथ्यता रहेको थियो । त्यस्तै क्लबका अन्य पदाधिकारी र सदस्यहरुको उपस्थिति रहेको जनाइएको छ ।


## सहारा नेपाल (साकोस)लि.

मूल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने

## प्रतिवेदन छपाई, लेखापरीक्षण र अन्य सामाग्री खरिद कोटेशन आव्हान सम्बन्धमा

प्रथम पटक प्रकाशित मिति : २०८२/०७/३०

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मुल कार्यालय, बिर्तामोड-२, चारपानेको २९ औं साधारण सभाको लागि आवश्यक पर्ने बार्षिक प्रगति प्रतिवेदन २०८१/२०८२ छपाई गर्न, आ.व. २०८२/२०८३ को अन्तिम लेखापरीक्षण र तपशिल सामाग्रीहरु बिक्री गर्न इच्छुक फर्म/कम्पनी/सप्लायर्सले ७ दिनभित्र आवश्यक कागजपत्रहरु संलग्न राखि कोटेशन प्रस्तुत गर्नु हुन आव्हान गरिन्छ ।

| क.स | बार्षिक प्रगति प्रतिवेदन छपाई विवरण | छपाई संख्या |
|---|---|---|
| १ | बार्षिक प्रगति प्रतिवेदन ठुलो :<br>साईज : ए फोर साईज<br>जम्मा पेज : कभरसहित करिब १४२ पेज<br>भित्री पेज : करिब १३८ पेज, ११५ ग्राम आर्ट पेपर<br>छपाई : सबै पेज मल्टीकलर<br>बाहिरी कभर : २५० ग्राम आर्ट बोर्ड, मल्टी कलर (लेमिनेशन एण्ड बाईण्डिङ) | १००० प्रति |
| २ | बार्षि बार्षिक प्रगति प्रतिवेदन सानो :<br>साईज : ७.५० x ९.५० इन्च<br>जम्मा पेज : कभरसहित करिब ६४ पेज<br>भित्री पेज : करिब ६० पेज, ७० ग्राम, म्याफ्लितो पेपर, सिंगल कलर<br>बाहिरी कभर :२५० ग्राम आर्ट बोर्ड, मल्टी कलर (लेमिनेशन एण्ड बाईण्डिङ ) | ४०,००० प्रति |

**छपाईको लागि लागि आवश्यक विवरणहरु :**

१. फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनु पर्नेछ ।
२. फर्मको लेटर प्याडमा कोटेशन प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ ।
३. कोटेशनमा फर्मको ब्यवसाय प्रमाणपत्र,कर चुक्ता (आ.व.२०८१/२०८२ ), स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनु पर्नेछ ।
४. छपाई कार्यको बोलपत्र स्वीकृत भएपछि बोलपत्रको जम्मा रकमको ५ प्रतिशत धरौटी रकम फर्मले संस्थाको खातामा जम्मा गर्नु पर्नेछ ।
५. संस्थामा छपाई गरि राखिएका अघिल्लो बर्षको प्रतिवेदन हेरी फर्महरुले संस्थामा कोटेशन प्रस्तुत गर्नु पर्नेछ ।
६. प्रतिवेदन छपाईमा पेजहरु थपघट भएमा प्रति पेजलाई आधार मानी प्रतिवेदनको मूल्य निर्धारण गरिनेछ ।

**साथै**

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.को आ.व.२०८२/२०८३ को अन्तिम लेखा परीक्षणको लागि लेखा परीक्षक नियुक्ति गर्नु पर्ने भएको हुँदा नेपाल चार्टस एकाउन्टेन्स् संस्थाबाट लेखा परीक्षण गर्न (क) वर्गको इजाजत प्राप्त इच्छुक लेखा परीक्षण फर्म/संस्थाले लेखा परीक्षण शुल्कसहित संस्थाको मूल कार्यालय बितामोड-२,चारपानेमा प्रथम पटक सूचना प्रकाशित भएको ७ दिनभित्र प्राप्त हुने गरि निवेदन पेश गर्नु हुन सूचना आव्हान गरिन्छ ।

**संस्थाको संक्षिप्त जानकारी र लेखा परीक्षणका लागि आवश्यक विवरणहरु :**

१. संस्थामा हाल वित्तीय ब्यवसाय ( बचत तथा ऋण कारोवार ) संचालन रहेको छ ।
२. यस सस्थाको ६ वटा जिल्लामा सेवा केन्द्रहरु रहेका छन् र बचत तथा ऋण कारोवार कुल ८० वटा सेवा केन्द्रहरु संचालन भइरहेका छन् ।
३. लेखा परीक्षण शुल्क उल्लेख गर्दा लेखा परीक्षण, यातायात खर्च, खान बस्न लगायत लेखा परीक्षण कार्यसंग सम्बन्धित सम्पूर्ण रकम एकमुष्ट कोटेशनमा उल्लेख गर्नु पर्ने छ । स्वीकृत रकम एकमुष्ट संस्थाले भुक्तानी गर्नेछ । सेवा केन्द्रमा पुग्ने यातायातको व्यवस्थापन संस्थाले गर्ने छ ।
४.संस्थाको २०८२ आषाढ मसान्तसम्मको वासलात अंक रकम रु १८ अरब ५६ करोड रहेको छ ।
५.नेपाल वित्तीय प्रतिवेदन ९ल्ँच्क० मान बमोजिम पहिलो रिर्पोटिङ्ग अवधि २०८१ श्रावणदेखि २०८२ आषाढ ३२ भएकोले आ.व.२०८२/०८३ को पुरानो (NFRS) बमोजिम नै हुनेछ ।
६.कोटेशन E–mail: bhumi_khatiwada@yahoo.com मार्फत पनि पेश गर्न सकिने छ ।

अन्तिम लेखा परीक्षकको लागि आवश्यक संलग्न कागजातहरु :

१. लेखा परीक्षकको लेखा परीक्षण इजाजत-पत्रको प्रतिलिपी ।
२. भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
३. स्थायी लेखा नम्बर ( पान नम्बर) को प्रमाणपत्रको प्रतिलिपी ।
४ लेखा परीक्षकको पेशागत प्रमाणपत्रको प्रतिलिपी ।
५. आ.व. २०८०/२०८१ वा २०८१/२०८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

प्रतिवेदन छपाई तथा लेखा परीक्षणको लागि थप अन्य विवरणहरु :

१. समय नाघि वा रीत पुरा नगरी प्राप्त भएका कोटेशनलाई मान्यता दिइने छैन ।
२. एक पटक पेश गरिएको शिलबन्दी दरभाउ पत्र फिर्ता वा संशोधन गर्न पाईने छैन ।
३. कोटेशन स्वीकृत गर्ने, नगर्ने, रद्द तथा स्थगन गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

**अन्य सामाग्री खरिद विवरणहरु :**

१. डट्पेन २. चिया, बिस्कुट, नास्ता र खाना ३. साउण्ड सिस्टम ४. पुरस्कार तथा सम्मान सामाग्रीहरु ५. हल भाडा , जेनेरेटर, कुर्सी, टेन्ट ६. स्टेशनरी सामान ७. खाम ८. खादा, ब्यानर, झोला ९. फूलमाला १०. स्टेज निर्माण ११. मिनरल वाटर १२. अन्य सामाग्रीहरु

**सहारा नेपाल (साकोस)लि.**

**मूल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने फोन नं. ०२३-५३११९८, ०२३-५३३४०८**


### निर्वाचनका...

सावित हुने उनको कथन छ । नेपालको राजनीति स्थायित्व, विकास र समृद्ध नै चीनको चाहना भएको दोहोऱ्याउँदै उनले अन्तरिम सरकारसँग निकट सम्पर्कमा रहेर चीनले काम गरिरहेको बताए ।

रणनीतिक योजना तथा भरपर्दो विकास साझेदारको अभावमा नेपालको विकास सुस्त गतिमा भएको विश्लेषण सुनाउँदै उनले नेपालको विकासमा सघाउन चिनियाँ पञ्चवर्षीय योजनामा नेपालको विकासका परियोजना पनि समाहित गरिएको जानकारी दिए । अन्य छिमेकीलाई पनि सघाने परियोजना १५औँ पञ्चवर्षीय योजनामा समेटिएका उनले बताए ।

चीन-नेपाल सम्बन्धलाई प्रभावित पार्ने विषयप्रति जेनजी अगुवाहरूको पनि विमति नरहेको आफूले पाएको उनले बताए । एक प्रश्नको जवाफमा राजदूत छनले चीन र नेपालले अन्तरराष्ट्रिय मञ्चहरूमा सहकार्य गर्दै आएको, दुवै देशले संयुक्त राष्ट्रसंघलाई केन्द्रमा राखेका, विधिमा आधारित विश्व व्यवस्थालाई मानेका बताए । राजदूत छनले, 'आधुनिक चीनको निर्माणअघि जेनजी आन्दोलन चीनमा पनि भएको यसलाई विश्वका विभिन्न देशमा कुन पृष्ठभूमिमा भएका थिए त्यसको विवेचना गर्नुपर्छ, नेपालमा पनि राष्ट्रलाई केन्द्रमा राखेर गरिएको, सुशासन प्रवर्द्धनलगायत उनीहरूमा मुद्दा सकारात्मक परिवर्तनका निम्ति भएको मेरो बुझाइ छ ।' राजदूत छनका अनुसार पन्ध्रौँ पञ्चवर्षीय योजनामा चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वलाई सुदृढ गर्ने, जनताको हितलाई प्राथमिकता दिइएको, उच्चस्तरीय विकास हासिल गर्दै योजनाको अन्त्यसम्ममा प्रतिव्यक्ति आय २० हजार अमेरिकी डलर कायम गर्ने विकास र सुरक्षालाई समान रूपमा सुनिश्चित गर्ने, खुलापन नीतिलाई अझ विस्तार गर्ने, सहकार्यका नयाँ अवसरहरू खोल्ने, बहुपक्षीय व्यापार प्रणालीलाई दृढतापूर्वक समर्थन गर्ने, चिनियाँ विशेषतासहितको सामाजिक सुशासन सुदृढीकरण तथा राष्ट्रिय एकीकरणमा जोड दिएको छ ।


## एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd.

Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## वि.स.२०८२ मंसिर ०१ गते ( इ.सं.२०२५/११/१७) देखि लागु हुने व्याजदर

**निक्षेप**

| निक्षेपको प्रकार | न्यूनतम मौज्दात | ब्याजदर (५ प्रतिवर्ष) |
|---|---|---|
| **१. चल्ती/कल डिपोजिट** | | |
| (क) कर्पोरेट डिपोजिट (CD) | १००० देखि ५००० सम्म | अधिकतम ०.५० सम्म |
| (ख) एक्सेल सुपर निक्षेप (ESD) | ० | |
| **२. बचत खाता** | | |
| एक्सेल रेमिट खाता | १०० | ४.५० |
| एक्सेल प्रिमियम वचत खाता | १,००० | २.७५ |
| मेरो नानी बाबुको वचत खाता | १०० | २.७५ |
| एक्सेल समृद्धि वचत खाता | २,००० | २.७५ |
| एक्सेल उत्कृष्ट बचत खाता | २५,००० | ३.५० |
| सामाजिक सुरक्षा भत्ता खाता | ० | २.७५ |
| मेरो तलव खाता | ० | २.७५ |
| मेरो पेन्सन खाता | ० | २.७५ |
| अन्य सबै बचत खाता योजनाहरु | १०० | २.७५ |

**३. मुद्दति खाता**

| खाता प्रकार | ब्याजदर (५ प्रतिवर्ष) | |
|---|---|---|
| | व्यक्तिगत खाताको लागि | संस्थागत खाताको लागि |
| | मासिक / त्रैमासिक ब्याज भुक्तानी | त्रैमासिक ब्याज भुक्तानी |
| ३ महिने मुद्दति खाता | ३.२५ | - |
| ६ महिने मुद्दति खाता | ३.७५ | २.७५ |
| ९ महिने मुद्दति खाता | ३.७५ | २.७५ |
| १ वर्षे वा सो भन्दा माथी ३ वर्ष भन्दा कमको मुद्दति खाता | ५.०० | ४.०० |
| ३ वर्ष वा सो भन्दा माथी ५वर्ष सम्मको मुद्दति खाता | ५.७५ | ४.७५ |
| ५वर्ष भन्दा माथीको मुद्दति खाता | ६.०० | ५.०० |
| एक्सेल रेमिट मुद्धति खाता | व्यक्तिगत खाताको हकमा माथि उल्लेखित समयावधी बमोजिमको व्याजदरमा १% थप गरिनेछ | |

**४.ऋमिक बचत निक्षेप (नयाँ खाताहरुमा मात्र लागु हुनेछ)**

| ऋवधि | वार्षिक ब्याजदर ५ |
|---|---|
| १ वर्ष अवधि | ४.५० |
| २ वर्ष अवधि | ५.०० |
| ३ वर्ष अवधि | ५.२५ |
| ४ वर्ष अवधि | ५.५० |
| ५ वर्ष अवधि | ५.७५ |

**कर्जा**

| कर्जाको प्रकार | प्रिमियम दर (५ प्रतिवर्ष) |
|---|---|
| **१. संस्थागत (व्यवसाय कर्जा)** | +४ सम्म |
| **२. रिटेल (उपभोग) कर्जाहरुः घरकर्जा, गाडी कर्जा, व्यक्तिगत लगायत अन्य कर्जाहरु** | +४ सम्म |
| **३. मार्जिन (शेयर) कर्जा** | +४ सम्म |
| **४. रियल स्टेट कर्जा** | +४ सम्म |
| **५. सुन चाँदी धितो कर्जा** | +४ सम्म |
| **६. घरेलु, साना तथा मझौला कर्जा** | +३.५० सम्म |
| **७. ग्रिन कर्जा** | +३.०० सम्म |
| **८. व्याज अनुदान सहितको सहुलियत कर्जा** | +२.०० सम्म |
| **९. कन्सोर्टियम कर्जा** | कन्सोर्टियम निर्णयानुसार |
| **१०. मुद्धती रसिद धितोमा** | थप २ प्रतिशत वा पछिल्लो तीन महिनाको औसत आधार दरमा जुन बढी हुन्छ । |
| **११. छोटो आवधिक कर्जा (Short Term Loan)** | +४.०० सम्म |
| **१२.नेपाल राष्ट्र बैंक बाट जारी निर्देशन बमोजिम विपन्न वर्ग लगायत अन्य तोकिएका क्षेत्रमा प्रवाह हुने कर्जाको प्रिमियम दर निर्देशन बमोजिम हुनेछ ।** | |

**स्थिर व्याजदर प्रतिवर्ष आवधिक कर्जा (Fixed Interest Rate)**

| कर्जाको प्रकार | ५ वर्षसम्म | ५ वर्ष भन्दा माथि १० वर्षसम्म | १० वर्षभन्दा बढी |
|---|---|---|---|
| घर कर्जा | ८.४९% | ८.७५% | ९.७५% |
| व्यवसायिक कर्जा | ८.७५% | ९.२५% | १०.२५% |
| सवारी कर्जा | ८.७५% | ९.२५% | - |
| व्यक्तिगत कर्जा | ९.७५ % | १०.२५% | १०.७५% |

**नोटः**

बैकको पछिल्लो तीन महिनाको औसत आधार दर (असोज मसान्त सम्मको) ६.३८% रहेको छ र ऋणीपिच्छे लागू हुने परिवर्तनीय व्याजदर औसत आधार दरमा आवश्यक जोखिम प्रिमियम थप गरी निर्धारण हुनेछ ।

सामाजिक सुरक्षा भत्ता वापतको रकम मात्र जम्मा हुने व्यक्तिगत निक्षेप खाता तथा अक्षयकोष मुद्दती निक्षेपको हकमा नियामक निकायको निर्देशन/आपसी सहमति बमोजिम हुनेछ ।

बैंक जमानत/प्रतितपत्र दावी भुक्तानीमा एवं Force Loan मा तत्काल लागू रहेको अधिकतम प्रिमियम दर लाग्नेछ ।

ऋणीले जुन उद्देश्यको लागि कर्जा लिएको हो सो उद्देश्यमा कर्जा प्रयोग नगरेको, धितो सम्पतिमा हानी नोक्सानी गरेको पाइएमा तथा कर्जा आव्हान पत्रमा उल्लेख भएको शर्त तथा बन्देजहरुको पालना नभएको तथा थप कर्जा नोक्सानी व्यवस्था आवश्यक हुने ऋणीहरुको कर्जाको व्याजदरको प्रिमियम दरमा अतिरिक्त २% थप गरी कायम गर्न गरिनेछ ।
अन्यको हकमा पेनल व्याज सम्बन्धी नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कायम हनेछ ।

कर्जाको व्याजदर निर्धारण गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनको परिधिभित्र रहेर गरिने छ ।


नव सन्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सन्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## विभाजित जीवनका रंगहरू !



वेदप्रकाश दवाडी 'बर्कती'

एकातिर,
ऐश्वर्यका सपनाले थुपारेको
वैभवको हिमशिखर
सूर्यको तेजले झलमल्ल
सर्वत्र चम्किरहेछ।

तर त्यसैको छायामा
लोभको अँगालोमा
जकडिएको मन
अर्काको भागबाट निःशब्द
नाङ्गो थाल लुछिरहेछ
जहाँ जीवनको सहारा
क्षणभरमै
अनन्त शून्यमा विलीन हुँदै
जान्छ।

आधारभूमि चिरिएको छ
जिन्दगीको
ऊ परजीवीको नियन्त्रणमा
बाँच्दै
विवशताको पासोमा जीवन
घिसारिरहेछ।

एउटा कुनामा
वेदनाको क्रन्दन
भुइँमा
छचल्किएको छ;
शोकाग्निले तातो आँसु
बाफ बनेर उडाइरहेछ
मान्छेहरू आफ्नै शोकसँग
जुध्दै
प्रत्येक निमेष असहाय
बनेका छन्।

तर बाहिर
उदासीनताको पर्खाल यति
मजबुत र उँचो छ कि
न मानवीय दयाको
कुनै कम्पन महसुस हुन्छ
न आत्माको वन्दन नै कोही सुन्छ।

यो हातको बल
यो सत्ताको सिंहासन?
केवल रेतको महल हो
पहिलो लहरमै
ढलेर हराउँछ।

समयको तीव्र बहावले
शक्ति र घमन्डका
सबै किल्ला
एकैसाथ बगाएर लैजान्छ।

हेर, त्यो निर्दोष काया
सिठ्ठीको धुनमा सिरेटोसँग
लड्दै
एउटा कुनामा कठ्याङ्ग्रिएर
बसिरहेकी छे।

यो वैभवशाली संसारमा
एक चिम्टी न्यानोपन पनि
भेटिएन
के यति मात्रै मानवता बाँकी छ?

यो भव्य सभ्यता
जहाँ प्रत्येक संवेदनाको मोल
तोकिएको छ
त्यो कठ्याङ्ग्रिएको अस्तित्व
अझै
न्यानोपनको अभावमा
थरथराइरहेछ।
के मानवताको हिसाब
यतिमै चुक्ता भयो र?

जीवनको माटोको गाग्रो
हजारौँ चोटले चर्किएको छ
छिद्रै-छिद्र परेको छ
त्यो भाँचिएको आधारमा
आशाको पानी कहाँ अडिओस् र?

सानातिना खुसीहरू यहाँ
जन्मनासाथै निसासी रहेछन्
अधूरा सपनाका चिहान बनेर
मौनतामै फर्किरहेछन्।

गजल

## ईमानले हार मान्दैन

• डा : बुद्धि मल्ल

जल्न चाहने दीपले हावासँग डराउँदैन,
आशा जीवित हुनेले रुँदैन, कराउँदैन।

थाक्लान् पाइला, लडलान् भुइँमा कैयौँ पटक,
तर, 'सक्दिनँ' भनेर हरेश खान मनपराउँदैन।

क्षणिक चमक भन्दा आत्मसन्तुष्टि खोज्छ,
स्वार्थ पूरा गर्न अनैतिक कार्य गराउँदैन।

सत्य बोल्ने ओठहरूमा कालो बादल लाग्ला,
तर, भगवानले उनीहरूलाई कहिल्यै हराउँदैन।

मन बेचेर लाभ लिनु जित होइन हार हो,
असल मानिस ईमान बेच्न मनपराउँदैन।

साँचो मुस्कान जन्माउँछ चोटले, सजावटले होइन,
विश्वासको महल सानोतिनो आँधीले ढलाउँदैन।

# 'खुशीको गाउँ' पुनःरावलोकन गर्दा

**साहित्य सम्बन्धमाः**

घटनाको प्रत्यक्ष अवलोकनले मस्तिष्कमा गहन प्रभाव पर्दछ। यथार्थमा जस्तो संसार भोग्यो उस्तै दृष्टि निर्माण हुन्छ। जम्काभेट हुँदा व्यक्तिले विश्वघटनाका विविध आयामलाई कुन गहिराइ र उचाइ, कति आयतन, दायरा र हदसम्म बोध गर्छ त्यही नै उसको वास्तविक जीवनविश्व हो। यसै आधारमा व्यक्तिमा सुझबुझ, अर्थ, स्वीकृति, मान्यता, दृष्टिकोण, विवेक, श्रम, क्षमता, इच्छाशक्ति, बाँच्नेशैली, विश्वास, अनुभूति, अनुभव, धारणा, प्रवृत्ति, नेतृत्व, निर्णय, अन्तरक्रिया, व्यवहार र चिन्तनप्रणाली जस्ता जीवनका तमाम आयाम विकास हुन्छन् ।
जागरण र सचेतना व्यक्तिको गुणसापेक्ष हुने भएकोले जीवन र जगत सम्बन्धी धारणा सबै मान्छेको समान हुँदैन। यस हिसाबले सबै मनुष्य जागृत (इनलाईटेन्ड) हुँदैनन् । परिवेशले मनोदशामा जस्तोसुकै प्रभाव छोडेपनि त्यसबाट मुक्त भएर आत्म-अन्तर दृष्टिबाट जस्तो जीवन छ त्यस्तै भेद गर्न सकिएमा मात्र चेतचैतन्यको विम्ब मानव सृष्टि सार्थक हुने ठान्दछु ।

सौन्दर्य, श्रृङ्गार र अलङ्कारको खात मात्र होइन साहित्य। थपमा, संसारको ऐतिहासिक पुनरावलोकन र लेखाजोखा, विद्यमान विश्वचलराशीको दर्शन, यथार्थको पूर्वाग्रहरहित चित्रण र तटस्थ उजागर, मौलिक लेखोट वा लेख्य सङ्ग्रह, बोधअभिव्यक्तिका साथै विज्ञान र मूल्यको संयोजन अनि सम्भाव्य भविष्यको मोटामोटी आँकलन र सुनिश्चित जीवन रूपान्तरणको मार्गचित्र पनि हो।साथै ठोस अनुभव, अनुभूति, वेदना, संवेदना, भावना, कल्पना, सन्देह, मनोदशा, मूल्य, धारणा, ज्ञान आदिको विम्ब हो। कथा, कविता, गीत, नाटक, अभिनय, निबन्ध, उपन्यास, मनोवाद जस्ता आयाम लगायत लेख, दस्तावेज, अनुसन्धानबाट प्राप्त तथ्य विश्लेषण र संश्लेषणको निचोड सबै साहित्य र आख्यानका रूपस्थिति हुन् ।
साहित्यिक आकार बिस्तारित छ। परन्तुः वैज्ञानिक बोधको दर्पण बन्नुपर्नेमा प्रगतिशील र अप्रगतिशील लगायत अनेक कित्तामा विभक्त छ साहित्य । यसरी विभक्त गर्नु सिर्जना माथिको बक्रदृष्टि र बेइमानी हो, मेरो बुझाइमा। स्रष्टा विचारनिर्माता, सूचना संवाहक र सचेतन सम्प्रेषक हो, तथ्यबाट सत्य बोध गराउने ऐना हो। स्रष्टाले दासता नस्वीकारी स्वतन्त्र भएर सार्वजनिक मञ्चमा खडा हुनुपर्छ। यस अर्थमा आख्यानकारको जीवन चुनौतिपूर्ण हुन्छ। परन्तुः जोखिम मोलेरै भएपनि तथ्य पर्गेल्ने साहित्य आजको आवश्यकता हो ।

**विषयप्रवेशः**

योगावशिष्ट वैराग्य प्रकरण अनुसार-वैराग्य नभएका हृदयमा दर्शनका मर्मभाव प्रविष्ट गर्न कठिन हुन्छ। मान्छेको सिर्जनासामर्थ्य पनि वैराग्यपनबाटै प्राप्त हुन्छ । परिस्थितिजन्य सङ्कटको यथानुभव गराउन सक्ने आख्यान त झनै कठोर साधनाबाट मात्र जन्मन्छ। भौतिक रूपमा गुमनाम हुँदा मान्छेका अनुभव, ज्ञान, सामर्थ्य, संस्कृति सबै ओझेलमा पर्न सक्छन् । कतिपय मान्छे 'नचिनिने गरी उड्ने वस्तु' अनआइडेन्टिफाइड्ङ्ली फ्लाइङ्ग अब्जेक्ट-जस्तै बेलगाम उडिरहेका हुन्छन्। यस्तो वायुपङ्खी बेगयात्रामा अचानक व्यवधान तेर्सियो भने त्यसले उसभित्र कस्तो मानसिक व्याकुलता पैदा गर्ला ? खास समय-स्थान परिवेश, आफू, अरूअन्य पात्रकर्ता, घटना परिघटना र प्रवृत्तिबारे कहिंकतैबाट बोध गरिएन भने त्यस तथ्यलाई मानसपटलमा उतारेर (भिजुअलाइजिङ) एक्लै एकान्तमा ऐनामा आफ्नै अनुहार हेर्दै आँशु झार्दै भक्कानिएर रून र मन चङ्गा हुनेगरी खित्का छाडेर हाँस्न सक्ने कल्पनाशक्तिका धनकुबेर मात्र उम्दा आख्यानकार बन्छन् । साहित्य यस्तै रूने, हाँस्ने, उड्ने मन र वैराग्यता पैदा गर्ने श्रृष्टिसाधन हो।'खुशीको गाउँ' ले पनि धेरैलाई वैरागी बनाउनेछ, उडाउनेछ, रूवाउनेछ, हँसाउनेछ भन्ने मलाई लाग्छ।
जीवन रुपान्तरणको निमित्त लेखिसकिएको विषयमा पुनः लेखन गर्नुको कुनै अर्थ हुँदैन। लेखिएको विषयमा बारम्बार लेखिरहेको नाटक गर्नु समयको बर्बादी र पाठकलाई मूर्ख बनाउने चेष्टा गर्नु मात्र हो। अभि सुवेदी (२०७६)का अनुसार यहाँ साहित्य नलेखिएको र मौन छ। यद्यपि मौनताले पनि खतरनाक अर्थ बोलिरहेको हुन्छ।
आजको दुनियाँमा यथार्थ लेख्नु खतरा मोल्नु हो। नलेखिएको विषय र वोल्न नसक्नेको निम्ति चुनौतिपूर्ण किसिमले लेख्नु सर्जकको दायित्व हो। शरणार्थी र बस्तीबीचको चुनौतिपूर्ण प्रेमिल कथानकले भरिएको 'खुशीको गाउँ' नलेखिएको मान्छेको मौनता भङ्ग गर्न लेख्नैपर्ने विषयमा कलात्मक ढङ्गले लेखिएको आख्यान ठान्दछु।
डुब्ने 'कर्ता'-'एक्टर' र देख्ने 'द्रष्टा' 'भ्युअर' दुवै दृष्टिको सन्तुलित र संयोजित प्रस्तुति अब्बल आख्यानको चरित्र हो। प्रेमलाई केन्द्रीय तत्व मान्ने परम्परा भएकोले होला सायद, सर्जकले प्रेमसम्बन्धको आवरणमा शरणार्थी र गाउँले दृष्टि र तिनको जीवनकथालाई मार्मिक र करूण शैलीमा पटाक्षेप गर्नुभएको छ ।
विविध असहजताका कारण मान्छेका मनमा खाँदिएका असिम पीडा, दर्द, चिन्ता, कुण्ठा, रोदन दवाएर आवरणमा बाँच्न सक्ने जीवनको अनावरण गर्न सक्ने आख्यानकारको मनोदशा र सामर्थ्य क्या गज्जब लाग्यो। रहस्यमा रहेका जीवन र यावत् वास्तविकताको सुबोध्यशैलीमा अनावरणित 'खुशीको गाउँ' पुस्तक पुनःरावलोकन गर्ने अवसर पाएकोमा खुशी लागेको छ। आख्यानका विविध पक्षपक्षान्तर बारेका मेरा दृष्टिकोण र धारणालाई यहाँ संक्षिप्त उल्लेख गरेको छु।

**शरणार्थी जीवनः**


आख्यानमा स्वतन्त्रताका लागि आवाज उठाउँदा जिब्रो थुतिएका, आफनै माटोमा गरिखाउँ भन्दा सर्वस्व लुटिएका, नेपालीपनकै देशभूषा, भाषा र धर्म संस्कृतिमा दरिएका कारण सर्वस्वहरणमा परेका, आफ्नो जिन्दगी र भविष्य नै अनिश्चित भएका, शरण परेर बाँच्नको लागि प्राणको याचना गर्दा समेत मृत्युवरण गर्न बाध्य भएका, दातृसंस्थाले दिएको सातुको भरमा प्राण धानेका, पुस्तौंदेखि रगतपसिना बगाएको माटो र पहिचान खोसिएर 'विकलाङ्ग' शिबिरे मनोदशा-पद्दा कटक्क मन खायो। साथै, बाहिरबाट अर्काको भूमिमा प्रवेश गरेका भोटेहरू कसरी शासक बने ? आफ्नो थातथलोमा आफै शासित बन्नुपर्ने अवस्था कसरी पैदा भयो ? के यसको कारण नेतृत्व नै हो ? सर्जकले ज्यादै पेचिला प्रश्न उठाउनुभएको छ ।

**पारस्परिक अन्तरसम्बन्धः**

सर्जकले शिबिरे जीवनावस्था र रैथानेबीचको न्यानो सम्बन्ध उजागर गर्नुका साथै परिवेशले जुराएको जम्काभेटबाट राधिका र राजेन्द्रबीच मौलाएको प्रेमकथाले आख्यानलाई थप रोचक बनाएको छ। अर्को रोचक पक्ष, उल्टै शरणार्थी पो बस्तीको दाता बनेको कुराले म छक्क परें। यसरी प्रेमको आवरणमा गाउँबस्ती र शरणार्थीबीचको आत्मीय र परस्पर सम्बन्ध 'रेसिप्रोकल इन्टरेलेसनशिप' को पाटोलाई समेत सुक्ष्म ढंगले अनावरण गर्नसक्नु सर्जकको उत्कृष्ट कला हो।

**प्रेमिल मनोवादः**

प्रेम सृष्टिको सुन्दरतम सिर्जना हो। प्रेम मीठो अनुभूति हो। प्रेमको रङ, आकार, आयतन, गन्ध केही हुँदैन। प्रेमलाई जात, रङ, भाषा, लिङ्ग उमेर र भौगोलिक सीमाले प्रभाव पार्दैन। हरेक व्यक्तिले देखेको, सुनेको र भोगेको आधारमा आ-आफ्नो परिभाषा दिएतापनि प्रेमको सर्वमान्य परिभाषा स्थापित छैन। तसर्थ निस्वार्थ भावले एकअर्कालाई बुझ्नु र महसुस गर्नु नै प्रेम ठान्छु। तर आज ' आइ लभ यू' शब्दमा सीमित छ प्रेम। जेनजी नामीत पुस्ताको 'फेसबुके' प्रेमको 'प्रलाप' त झनै उराठ र उदेकलाग्दो प्रतीत हुन्छ। प्रेमको सहि अर्थ र मूल्य पर्गेल्दै प्रेमसँग गाँसिएको मन र मस्तिष्क बीचको अन्तरद्वन्द्व झल्काउने आख्यानकारको रङ्गीन मनोवाद पनि कम चाखलाग्दो छैन।
प्रेमलाई प्रेरणादायी शक्तिस्रोत ठान्दै सर्जक- आफनै जीवनसँग प्रेम नहुनेको अर्कासँग भान के होला ? समयसँगै बदलिंदै जाने तर आफू बन्नै नदिने वाह्य परिवेशसँग कसैको केही नलाग्दोरहेछ । प्रकृतिले प्रेम गर्ने मन दिएको छ तर दुनियाँले प्रेम गर्ने छुट दिंदैन । भावनाको थोरै ताप पर्नासाथ पग्लिने प्रेमिल मन र साँचो प्रेममाथि बन्देज लगाएको छ समाजले । प्रेमविहीन पारेर कैयौं जिन्दगीलाई मरूभूमि 'रेगिस्तान' बनाइदिएको छ।
अब कसलाई सुम्पिने विश्वासको बैलो ? कठ! 'रमाइलो' भन्ने पनि मनमा पिर नहुँदा मात्र हुनेरहेछ। मनभरि 'चोट' र 'पिर' परेपछि दशैं, तिहार, चाडपर्व पनि खल्लो र निरर्थक लाग्दोरहेछ। प्रेमिल मन र भोक यस्तो अचम्मको हुनेरहेछ कि, कैयौं रात भोकै सुतेपनि मन बेखुसी छ भने भोक लागेको पत्तै नहुने रहेछ। मन खुसी हुँदा भोक लाग्ने नहुँदा नखाँदा पनि हुने कस्तो हो यो मन र भोक ! यही कारण कैयौं मान्छे सबै कुरा त्यागेर प्रेमीसँगै बाँच्ने अ'ाट गर्दा रहेछन् ।
प्रेम मनसँग सम्बन्धित छ। दिमाग पो प्रेमको बाधक रहेछ। मनले स्वीकृति दिएपछि शरीर एक हुनु स्वभाविकै हो तर समाजको व्यवस्थाले त्यो मनलाई छुट दिदैन। समयअघि शारीरिक सम्बन्ध अवैध मान्छ समाजले त्यही समाजको आज्ञा मान्दोरहेछ दिमाग, मनलाई बाँध्न दिमागले भूमिका खेल्दोरहेछ तर दिमागलाई सधैं जित्न खोज्ने मनलाई रोक्न कति गाह्रो। प्रेमविना गरेको शारीरिक सम्बन्धले जीवनसाथी र श्रीमान श्रीमती बनाउँदैन। त्यस्तो सम्बन्ध त बलात्कारको सम्बन्ध हो।
प्रेम, मन र समर्पण एउटासित शरीर अर्कोसित भएर लोग्ने स्वास्नी बनिन्थ्यो भने आज म पनि त्यो लोग्नेको स्वास्नी नै बनिरहेको हुन्थें। एउटासँग गरेको प्रेम अर्कोतिर नसर्दोरहेछ। श्रीमान श्रीमतीको सम्बन्ध यस्तै शरीरको सम्बन्धले जोडेको हुँदोरहेछ। यस्तो सम्बन्ध जति सन्तोषजनक भयो त्यति नै वैवाहिक सम्बन्ध पनि मजबुत हुँदोरहेछ ।
प्रेमलाई उच्च सम्मान दिने खुसीजीले प्रेमको नियम जुनसुकै समाजमा पनि एउटै हुन्छ। न्यायिक समाजको मान्यता राख्नेले आफ्नो मात्र स्वार्थका लागि सोच्नुहुँदैन । कतिले त विवाहपूर्व नै बच्चा जन्माएर अपहेलित बनेका छन्। कति मान्छेहरू त प्रेम विना जन्मिएर विनाप्रेम नै मर्दारहेछन् । सत्य त यो हो कि सबै गर्भ प्रेमको उपज हुँदैन। बलात्कारबाट बसेको गर्भ, करकापको यौन सम्बन्धबाट बसेको गर्भ पो घृणित र अपहेलित हुनुपर्ने ।




प्रेमिल समागमबाट बसेको गर्भ त प्रेमको उपजका रूपमा स्वीकार गर्नुपर्ने थियो, त्यस्तो बच्चा जन्माउनलाई त सम्मान र प्रेम दिनुपर्ने थियो तर सामाजिक व्यवस्थाले त्यही सुन्दर प्रेमका उपलब्धिलाई घृणा गर्ने उल्टो नियम बनाएको छ-भन्दै मन, दिमाग, प्रेमशक्ति र विद्रोह वीचको अन्तरद्वन्द्वलाई चुस्तशैलीमा व्यक्त गर्नुभएको छ। प्रेमको मामलामा समाजले बनाएको नियम र मान्यता भत्कियोस् भन्ने कठोर रूझान राख्ने सर्जकले सङ्गतिहीन सम्बन्धविरूद्ध साँचो प्रेमको पक्षमा विद्रोह स्वरूप खोक्रो दयाभाव राख्ने तर असमान व्यवहारबाट मानवीय मनमाथि तीर चलाउने दानवीय समाज उपर कडा प्रहार गर्नुहुन्छ ।

**सीमारहित प्रेमः**

आखिर सीमा त हुँदैन नि प्रेमको। प्रेम त सत्यवाहक र अमरत्वको प्रतीक हो। प्रेमले जीवन र जगतको बोध गराउँछ। जीवन र जगतको बोध गराउने यस्तो प्रेम कहिल्यै सीमामा बाँधिदैन। दुई मन बीचको व्यवधान र सीमारहित सम्बन्धको अर्को रूप नै प्रेम हो। सीमामा बाँधिने प्रेम त क्षणभङ्गुर हुन्छ। मान्छेको नैसर्गिक स्वतन्त्रतामाथि जबर जस्त व्यवधान खड़ा गर्ने सीमाले मनुष्य जीवन उजाड, उराठ, निरस र निरर्थक बनाउँछ। राजेन्द्र र राधाको प्रेमिल सम्बन्ध र विवाहमाथि लादिएको सांस्कृतिक बन्देज सम्बन्धमा शिबिरे तिवार्नी दिदी, राजेन्द्र र राधाबीचको संवादलाई "हामी त स्वतन्त्र जस्ता देखिने पखेटा काटिएका पंक्षी हौं। चारवटै खुट्टा काटेर फालिएका पशु हौं कसैले घाँस, पराल, खोले फांडो राखिदिएमा मात्र पेट भर्न पाउँछौं, नभए भोकै बस्नुपर्छ। यस्तो अनिश्चित भविष्य लिएर अस्थिर जिन्दगी हामी आफै बाँचिरहेका छौं, अरूलाई यो दलदलमा नफसाउँ छोरा।"
"हामी शरणार्थीहरू त यति निरीह रहेछौं नि राधा, हामी जातमा मान्छे भएर पनि मान्छेको स्तरमा पुग्न सक्ने रहेनछौं। हाम्रो जस्तो मुटु हुने, हाम्रो प्रेम र भावना मिल्ने समाज त यो दुनियाँमै रहेनछ। यी भावनालाई, यी प्रेमलाई नबुझ्दा पनि हुने कस्तो मानवीय व्यवस्था ? यी मानवीयता, संवेग, संवेदना, विवेक बुद्धि भन्ने कुरा पनि मान्छेले आफ्नै स्वार्थका निम्ति प्रयोग गर्ने कुरा मात्र रहेछन्। स्वार्थभन्दा बाहिरका अवस्थामा त मान्छे कठोर र निर्दयी बन्दोरहेछ। तिमीले मसँग जीवन बिताउन तयार हुँदा तिम्रा बुबाआमा, तिम्रो परिवार, आफन्त, सारा समाज, मान्छे हुनुको हक अधिकार मात्र होइन, तिम्रो स्वतन्त्रता समेत गुमाउनुपर्छ।" ज्यादै मनभेदी भावमा जीवन्त चित्रण गर्नुभएको छ।

**शिक्षा, श्रम र आत्मनिर्भरताः**

पढाइ र विद्यालाई भन्दा धन पुज्ने दुनियाँ सचेतलाई खुइल्याउनमा आनन्द मान्छ। अन्धविश्वास, कुरीति, कुप्रथा, कुसंस्कारपछि नअँगाल्नेको उछितो काट्छ । शिक्षित भनाउँदाहरू कथित सिस्टमको ऐचमा बसेर शिर झुकाएर जागिर खाने नाममा मालिकको दास बन्नुमा गर्वानुभूति गर्छन् ।
यस्तो खोक्रो जीवनभन्दा वरू आफ्नै श्रममा दाउरा बेचेर जीवन चलाउनु श्रेयस्कर ठान्नुहुन्छ आख्यानकार। समाजले मान्छेको भन्दा प्रमाणपत्रको बढी सम्मान गर्ने भएको हुँदा प्रेमलाई साकार बनाएर सम्मानित जीवनकै लागि पढेर परीक्षा दिन कस्सिएकी पात्रमार्फत सर्जकले पढाइलाई इज्जत र महत्व दिनुहुन्छ। ठगीको कमाइले चौरासी व्यञ्जन खानुभन्दा मेहनतले सागसिस्नु वा मोहीमा नुन हालेर भोकमा प्रफुल्ल मनले भोजन गर्नु उचित ठान्ने आख्यानकारले श्रमप्रति घृणा र अनादर गर्दै फोस्रो इज्जत सिकाएर मनलाई उदासिन बनाउने प्रभुत्ववादी व्यवस्था र परपीडक संस्कृतिबाट मुक्त हुनुपर्छ भन्नुहुन्छ ।
हत्केलामा जतिसुकै ठेला उठे पनि पौरखीले कहिल्यै दुःख मान्नुहुँदैन, आफूले बाँचेको जीवनमा सन्तोष मान्न सक्यो भने आनन्द र खुसी माग्न अन्त कहिपनि जान पर्दैन, पैसा कमाउन र समृद्धि प्राप्त गर्न विदेश जानुपर्छ भन्ने छैन भन्नुहुन्छ आख्यानकार। अभाव पीडामा जन्मिहुर्केकी दाउरा बेचेर बाँच्ने नारी स्वतन्त्र र आत्मनिर्भर जीवन हासिल गर्न सफल दृष्टान्तले आफ्नै पौरखमा रमाउने आत्मनिर्भर र स्वाभिमानपूर्वक बाँच्नुपर्छ भन्ने प्रेरणा दिएको छ ।

**छेडखान र आडम्बर उपर व्यंग्यः**

छोरी कुटेर बुहारी तर्साउने अवस्था सिर्जना गराई विभेदकारी संस्कृतिकरणको ढाँचा छ हाम्रो परिवेशमा। बुहारी बनेर घरका नातापाता सबैलाई गच्छेअनुसार खुशी पार्न र रिझाउन नसक्ने छोरी मान्छे अयोग्य ठहरिन्छन् र काम लाग्दैनन् भन्ने गरिन्छ। कतै सौता खेपेर चाँच्नुपर्ने होकि भन्ने तनावका बावजुद सँधै हँसिली भएर वस्नुपर्ने अन्यथा अलच्छिनी भइने अवस्था सिर्जना गरिन्छ ।
अर्को पक्ष नारी विश्वको महानता, महत्ता र मूल्यलाई धुमिल पार्ने यान्त्रिक आभूषणमा सजिने 'पपेट' महिलाप्रति पनि कठोर दृष्टिकोण राख्नुहुन्छ सर्जक । जस्तो- हिरोइन त स्तन र कम्मरको नापको आधारमा पो हुँदारहेछन्, अहिलेको समाजमा व्यवहारको कुनै स्तर छैन, व्यवहार जस्तो भए पनि भयो, शरीर र अनुहार राम्रो हुनुपर्छ अहिले, कस्तो उल्टो व्यवस्था। अहिले त व्यबहार र चरित्रभन्दा बाहिरी आवरण सिंगार्नमा समय र पैसा खर्चने जस्ता आडम्बरी जीवन सर्जकलाई मन नपरेको पाएँ।

**उदार नारीमनोदशाः**

❖ बाँकी तेस्रो पृष्ठमा

# ट्याली सफ्टवेयरले मनायो फाउण्डर डे

झापा(प्रस) । ट्याली सफ्टवेयर उत्पादन गर्ने कम्पनीले आफ्नो ३९ औं वार्षिकोत्सव ( ३९ औं फाउण्डर डे लिगेसी आफ ट्रष्ट) विविध कार्यक्रमसहित मनाएको छ । सो अवसरमा झापाको बिर्तामोडमा आयोजित प्रयोगकर्ता भेटघाट तथा अन्तरक्रिया कार्यक्रम मार्फत झापाका पुराना तथा सक्रिय प्रयोगकर्तालाई सम्मान गरिएको छ ।कार्यक्रममा निर्माण नेपाल प्रालि लाई विशेष सम्मान प्रदान गरिएको थियो । प्रालिका सञ्चालक विवेक गुप्तालाई ट्याली सफ्टवेयरका तर्फबाट सम्मान गरिएको थियो ।
सम्मान कार्यक्रम आइडियल अकाउटिङ सोल्युशन प्रालि तथा ट्याली सोल्युशन प्रालिका कोशी प्रदेशका आधिकारिक विक्रेता राजनारायण साहको संयोजनमा सम्पन्न भएको थियो । समारोहमा ट्याली कम्पनीका कन्ट्री हेड मनु राज, नेपालका लागि एसोसिएट बिजनेस म्यानेजर अभिषेक साह र कोशी प्रदेशका आधिकारिक विक्रेता राजनारायण साहले संयुक्तरूपमा सम्मानपत्र प्रदान गरेका थिए । कार्यक्रममा ट्याली सफ्टवेयरको अनधिकृत (क्र्याक) भर्सन प्रयोगका जोखिम, डेटा क्षति सम्भावना, सुरक्षा चुनौति, तथा व्यवसायिक लेखापरीक्षणमा पर्ने नकारात्मक असरबारे विस्तृत प्राविधिक प्रस्तुतीकरण गरिएको थियो ।प्रयोगकर्तालाई रजिस्टर्ड भर्सन मात्र प्रयोग गर्न आग्रह गर्दै कम्पनीले सुरक्षा तथा सेवा गुणस्तरमा कुनै पनि सम्झौता नगर्ने प्रतिबद्धता जनाएको छाकोशी प्रदेशमा लगभग ३ हजार प्रयोगकर्ता, झापा जिल्लामा मात्र दुई सयभन्दा बढी ट्याली प्रयोगकर्ता रहेको कार्यक्रमका संयोजक राजनारायण साहले जानकारी दिएका थिए । कार्यक्रममा व्यवसायी, विद्यालय सञ्चालक र प्राविधिकहरूको सुझावसमेत लिइएको थियो । भेटघाटमा सीए, आरए, व्यवसायी तथा विद्यालय सञ्चालकहरूको सक्रिय सहभागिता थियो।कार्यक्रममा सुझाव र धारणा राख्नेहरूमा व्यवसायी मनिष धानुका, गुणराज अधिकारी, प्रमोद अग्रवाल, प्रज्ज्वल विमली, जितेश शर्मा, सन्तोष गुप्ता, विद्यालय सञ्चालक शरद जोशी, तथा सीएहरू सुशील अग्रवाल, गंगाराम बस्नेत, डिम्पल अग्रवाल, राहुल साहेवाला, अमित अग्रवाल, मनिष श्रेष्ठ, आरए खड्गनारायण राजवंशीलगायत थिए । ट्याली सफ्टवेयरका प्रतिनिधिहरूले आगामी दिनमा प्राविधिक सेवा, अपडेट, सपोर्ट र प्रशिक्षणलाई अझ व्यवस्थित र गुणस्तरीय बनाउने प्रतिवद्धता व्यक्त गरेका थिए ।

## ‘खुशीको...

वाध्यता हो या प्राकृतिक यथार्थ, वास्तविक जीवनमा हुन्छ कि हुँदैन मलाई जानकारी छैन। तर प्रेमप्रति उदार नारीमनोदशाको अनुपम दृष्टान्त पेश गर्नुभएको छ सर्जकले । आफ्नो श्रीमानलाई प्रेमिका भेट्न पठाउन सक्ने उदारता नारीमा हुँदोरहेछ भन्ने यो पुस्तक पढ्दा थाहा भयो। वहाँ भन्नुहुन्छ- मनलाई जत्रो र जस्तो पनि बनाउन सकिनेरहेछ। यता मैले अर्काको लोग्नेमाथि मेरी भनेर हक जमाइरहेकी छु।
गहिरो प्रेम भएको तर परिस्थितिले छुट्न वाध्य पारेको अवस्था र राजेन्द्रको चिन्तामा ग्रस्त भै मरेर पनि बौरिएकी र एक्लै भएपनि राजेन्द्रलाई नै सम्झेर बाँचिरहेकी राधिकाको हालत बारे धनमायालाई जानकारी थियो। दुवैको खुसीमय जीवनको लागि नेपालमा भएकी राधिकासँग भेट्न अमेरिकाबाट नेपाल जान आफ्नो श्रीमान राजेन्द्र तिवारीलाई सहमति र स्वीकृति दिनसक्ने र आफ्ना छोराछोरीलाई राधिकालाई ‘सानीमा’ भन्न समेत सिकाएकी धनमायाको नारीउदारता ज्यादै घतलाग्दो छ।

**आँशु र रोदनः**

आँशु र रोदनलाई नारीको मात्र एकलौटी गहना भन्छन् मान्छेहरू। कतिपय नारीले त रोएरै जित्छु पनि भन्दा हुन् । भन्छन्, पुरुष रुदैन, रूने पुरूष त मरे सरह हो। होइन रहेछ यस्तो त। पुरूष रूदैन भन्ने कुरा म मान्दिनँ। नरूने मन भएको पुरूष पनि हुन्छ र? प्रेम वियोगको पीडा एकनाश लठ्याइरहने नशा जस्तो हुन्छ भनेर प्रेमको अनुभूति नै नगरेकालाई के थाहा। खुसीजीले पनि यही कुरालाई मान्दै आउनुभएको थियो होला शायद, राजेन्द्र रोएको देखेपछि मात्र पुरूष रून्छन् भन्ने सत्य बोध भएछ। “छोरो मान्छेभित्र दिल हुँदोरहेछ, छोरी मान्छेमा जस्तै उसमा पनि भावना हुँदोरहेछ, दुःख लाग्दोरहेछ, आँशु झर्दोरहेछ, चोट पर्दा घोप्टो परेर रूँदोहेछ” भन्ने यथार्थ राजेन्द्रको भक्कानिएको रोदनबाट मात्र थाहा भएछ क्यारे उहाँलाई। आँशुले मनको मैलो पखाल्छ, रोएपछि मन हल्का हुन्छ भन्नेकुरो हो रहेछ। एक्लै भक्कानिएर रूँदा मन हल्का भएको भन्ने हरफ पढ्दा मन भारी भएको अनुभव भयो ।

**समाज र भयमुक्त जीवनः**

संसारमा समाज र सामाजिक भन्ने कुनै चिज हुँदैन। हुन्छ त केवल मानिसको भौतिक उपस्थिति, उसको मन, मस्तिष्क र सांस्कृतिक मनोदशा ( कल्चरल मेन्टल मोडेल) मात्र। त्यसैले समाज भनेको भ्रम मात्र हो, मैले यसरी बुझ्छु। वास्तवमा खुसीको नारीविद्रोह त यहाँ पो देख्छु म त । वास्तवमा लुकाएर राखेका भित्री कुरालाई खुलाउन सक्ने व्यक्ति नै स्रष्टा बन्छ। पाप र धर्म प्रति सजग आख्यानकारले पाप र धर्म मान्छेको मन र मानव व्यवस्थासँग जोडिएको अपरिहार्य विज्ञान ठान्नुहुन्छ। खास चरित्रको भूमिका उदाङ्गो प्रकट नभएसम्म उसको सक्कली रूप देखिँदैन ।
समाजका अगाडि सामाजिक लाग्ने केही मान्छे गोप्य रूपमा त ऊ पशुजस्तो हुनेरहेछ । समाजका आगाडि गर्न हुँदैन भनेका कुराहरू पनि समाजका आँखाले नदेख्ने ठाउँमा गरिरहने, रहस्यमै राखे पनि समाजको अन्तर्य बुझेकी सर्जक सामाजिक भयबाट मुक्त भएको पाएँ। वर्तमानलाई वास्ता नगरेर केही मान्छेहरू अनिश्चित भविष्यको चिन्तामा डुब्छन् । राजेन्द्र पात्रको भनाइमा सहमति जनाउँदै आख्यानकारले अमेरिकीहरू आफ्ना लागि बाँच्छन्, आजका लागि बाँच्छन् । जति बाँच्छन् खुसीसाथ बाँच्छन् । यहाँका हामी भोलि खुसी पार्नका लागि बाँच्छौ। अरूलाई खुसी पार्न बाँच्छौं। त्यही भएर कहिल्यै खुसी हुँदैनौ। त्यसैले स्वतन्त्र भएर आफ्ना लागि वर्तमानमा उन्नत जीवन बाँच्नुपर्छ भन्दै आनन्द जीवनमार्गको सुझाव समेत दिनुहुन्छ सर्जक ।

**पत्रकारिता र सुझावः**

पत्रकारलाई सुझाव दिनुहुने खुसी मिसनप्रेरित पितपत्रकारितामा विश्वास गर्नुहुन्न। “पत्रकारले अरूको सुन्नुपर्छ। सुन्न नसक्ने मान्छे पत्रकार हुनैसक्तैन । धेरै सुनेर थोरै तर सत्य कुरा सम्प्रेषण गर्नुपर्छ पत्रकारले” भन्दै पत्रकारिताको खास धर्म र कर्मप्रति सजग गराउन निष्ठावान पत्रकारको आदर्श आत्मसात गर्नुपर्ने कुरामाथि जोड दिनुहुन्छ सर्जक ।

**संश्लेषणः**

सामान्यतयाः परिवेश, दृष्टिकोण, कथानक, पात्र, विषयवस्तु, शैली, संघर्ष जस्ता तत्व मिश्रित चरणवद्ध ‘एल्गोरिदमिक’ प्रक्रियालाई आख्यान भन्ने गरिन्छ। ‘पेटेन्ट राइट’ अधिनस्थ गर्ने केही रूपासे समालोचकहरू आख्यान उपर-परम्परावादी, आधुनिकवादी, उत्तरआधुनिकवादी स्वच्छन्दतावादी, अराजकतावादी, विनिर्माणवादी, प्रगतिवादी, यौनवादी, मनोविश्लेषणात्मक, आयामवादी, महिलावादी, आदर्शवादी, प्रतीकवादी, संरचनावादी, यथार्थवादी, नारीवादी, पुरुषवादी, जनवादी, लोकवादी, समाजवादी, पुँजीवादी जस्ता ‘उपमा’ र ‘लेबल’ लगाएर अनेक वाद र कित्तामा विभक्त गरिदिन्छन् ।
कसैको सिर्जनालाई विशेषण पहिराइदिने विभेदकारी मनोदशासँग सहमत छैन म। जीवनको यथार्थता पर्गेल्ने आख्यानकारको मौलिक ‘सिर्जना’ र ‘घट’ भएकोले यस आख्यानलाई मैले ‘खगिन्द्रावादी’ या त ‘खुसीवादी’ धाराको भन्छु। कसैकसैले प्रेमकथालाई संयोगान्तकबाट शुरू गरेर संयोगान्तकमै टुङ्ग्याउँछन् त कसैले वियोगान्तकमा । तर यो संयोगान्तक प्रेमकथा हो। यसरी प्रेमचक्रभित्र घुमिरहने मान्छेको प्रेम, मन (अहंकार), चेतना र शरीर बीचको अन्तरद्वन्द्वात्मक सम्बन्धलाई औपन्यासिक शैलीमा प्रस्तुत यो आख्यानलाई मैले विशिष्ट ठानें।
आख्यानका यान्त्रिक सीमा कोरिएका छन्। तर कुनै पनि स्वतन्त्र साहित्यकार, आख्यानकार, समालोचक र सर्जक त्यस्तो सीमामा किमार्थ बाँधिदैन । सीमामा बाँधिएर बनिबनाउ ‘फर्मेट’ मा हालिने सर्जक सृजनशील हुन्छन् भन्नेमा विश्वास छैन मलाई। सच्चा सर्जकले ‘फर्मेट’का सबै सीमा भत्काएर अन्तर्निहित सबै ऊर्जा ओकल्छ। यो आख्यान सीमारहित सिर्जनाकै एक नवीन दृष्टान्त ठान्छु। यस उपर खोट लगाउनुपर्ने कुनै ठाउँ देखिन मैले। सिद्धहस्त हुनुहुन्छ आख्यानकार ।
आख्यानकार भन्नुहुन्छ-मान्छे हिड्छन् र त बाटो पनि जगमगाइरहन्छ। तर मान्छे नै विरानो भएपछि बाटो पनि उजाड नै हुँदोरहेछ। एक छिमेकी परिवार बसाई सरेर जाँदा त मन थाम्न गाह्रो हुन्छ भने व्यक्तिगत, पारिवारिक, सामाजिक सम्बन्ध गाँसिएका हजारौं घरपरिवार एकैपटक उठेर जाँदा सर्जकको जन्मथलो खुदुनावारी कैदले सेरोफेरोका गाउँ र बस्ती र बाटोघाटोहरूमा सहिनसक्नुको ‘सन्नाटा’ अनुभव भयो। यस्तो ‘स्तब्धता’ को महसुस त सबैले गरे होलान तर व्यक्त गर्न त लेख्नसक्ने, साहित्यिक र साहसिक मन नै चाहिँदोरहेछ लेखिका एक साहसी साहित्यिक योद्धा हुनुहुन्छ। यस्ता साहसिक मनका मूर्खहरू चिन्तन गर्छन्, लेख्छन्, पढ्छन्। उता सज्जनहरू भने मूर्खहरूलाई देखेर खित्का छाडिछाडी हा‘सिरहन्छन् ।यसैलाई तिनले आफ्नो धर्म र असल कर्म सम्झन्छन् । आखिर वास्तविकताको ठूलो हिस्सा त यस्तै खित्का छाडेर हाँस्ने अनि खादा लगाउन तछाडमछाड गर्ने सज्जनहरूले ओगट्दा रहेछन् । तत्वबोध वेगरको यान्त्रिक समालोचना गर्नु केहीजनको निमित्त सकाम कर्म होला, तर द्रष्टाको दर्शनबाट प्राप्त अनुभवको गहिराइ, उचाइ र आयतन भेद गर्नु सहज थिएन। ‘नमर्दै स्वर्ग देख्न आतुर’ र ‘नपढि तत्ववेत्ता बन्न लालायित’ ‘सज्जन’हरूको वर्चश्वमा पनि मैले पुस्तकको लेखाजोखा गर्ने आँट गरे। तर न्याय गर्न सकेकी सकिनँ यसको समालोचना गर्ने जिम्मा मैले स्वयम् सर्जकलाई दिएको छु ।
अन्त्यमा, जीवनले भोगेका करूण पीडा र प्रेमानुभावित छालहरू बीचको सम्बन्धलाई आख्यानिक शिल्पशैलीमा प्रस्तुत ‘खुशीको गाउँ’ पुस्तकको समालोचना गर्ने अवसर दिनुहुने खुसीजीका आगामी पाइलाहरू बेलगाम र सतत् अगाडि बढोस् हार्दिक शुभकामना ।

सुपर काईनेटिक
एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

# सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

मूल कार्यालय, बिर्तामोड - २, चारपाने, झापा

## २९औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

मितिः२०८२/०७/३०

उपरोक्त सम्बन्धमा यस संस्थाको मितिः२०८२/०७/२५गते, मंगलबार बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको २९औं वार्षिक साधारण सभा संघीय सहकारी ऐन - २०७४ को परिच्छेद ६ को दफा ४० को उपदफा ५, प्रदेश सहकारी ऐन - २०७६, प्रदेश सहकारी नियमावली - २०७६, संस्थाको संशोधनसहित पुनरलेखन गरिएको विनियम - २०७८, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयले विभिन्न समयमा जारी गरेको निर्देशनअनुसार निम्न अनुसारको प्रस्तावहरुमाथि छलफल गरी पारित गर्नको लागि तपशिल अनुसारको प्रकृयाहरु अवलम्बन गर्दै गरिने भएकोले सबै शेयर सदस्य महानुभावहरुलाई साधारण सभाको एकाइ साधारण सभा/उपएकाइ साधारण सभामा सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभाका प्रस्तावहरु :**

१) संचालक समितिको ०८१/०८२ को वार्षिक प्रतिबेदन पारित गर्ने सम्बन्धमा ।
२) आ.ब. ०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिबेदन पारित गर्ने सम्बन्धमा ।
३) आ.ब. ०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रम र बजेट स्वीकृत गर्ने सम्बन्धमा ।
४) लेखा सुपरीबेक्षण समिति तथा ऋण उप-समितिको प्रतिबेदन पारित गर्ने सम्बन्धमा ।
५) सेयर लाभांश पारित तथा बितरण गर्ने सम्बन्धमा ।
६) संरक्षित पूजी कोष तथा कर्मचारी बोनस पारित तथा बितरण गर्ने सम्बन्धमा ।
७) आ.ब ०८२/०८३ को लागि लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।
८) सेवा केन्द्रहरुको डिजाइनिङ्ग, ब्रान्डिङ्ग, आन्तरिक सजावट तथा निर्माण खर्च अनुमोदन तथा स्वीकृत गर्ने सम्बन्धमा ।
९) आ.ब. ०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि जिम्मेवारी दिने सम्बन्धमा ।
१०) बिनियम संशोधन गर्ने सम्बन्धमा ।
११) ऋण लगानी स्वीकृत गर्ने तथा लगानी गर्ने अख्तियारी दिने सम्बन्धमा ।
१२) एकाइ साधारण सभाको माइन्युट प्रमाणित गर्न प्रतिनिधि छनोट गर्ने सम्बन्धमा ।
१३) अन्तिम माइन्युट प्रमाणित गर्न प्रतिनिधि छनोट गर्ने सम्बन्धमा ।
१४) मूल कार्यालय तथा सेवाकेन्द्रहरुको बैंक खाता संचालक परिबर्तन गर्न, बैंक खाता बन्द गर्न, तच ऋयमभलिन तथाकःक क्भचखष्अभलिन स्वीकृतिको लागि अख्तियारी दिने सम्बन्धमा ।
१५) निर्वाचन कार्यविधि लगायत अन्य नीति, निर्देशिका र कार्यविधि संशोधन तथा पारित गर्ने साथै परिपत्र तथा पत्रहरु अनुमोदन गर्ने सम्बन्धमा ।
१६) अधिवेशन सम्बन्धमा ।
१७) तालिम केन्द्र तथा शैक्षिक भवन निर्माण गर्ने सम्बन्धमा ।
१८) विविध ।
क) व्याज छुट सम्बन्धमा ।

**अन्य व्यवस्थाहरु :**

१) साधारण सभा प्रयोजनको लागि संस्थाको सम्पूर्ण कार्यक्षेत्रलाई ७ एकाइमा विभाजन गरिएको छ । साथै एक एकाइअन्तरगत रहेका सम्पूर्ण सदस्यहरुलाई एकै ठाउँमा भेला गर्न संभव नभएकोले ८६ उपएकाइमा विभाजन गरिएको छ ।
२) साधारण सभा प्रयोजनको लागि प्रत्येक उपएकाइमा समान कार्यसूचीका आधारमा छलफल र निर्णय गरिनेछ ।
३) साधारण सभाको प्रतिबेदन मितिः २०८२/०८/०१गते सार्बजनिक गरिने छ साथै सोही मितिबाट सदस्यहरुलाई वितरण गर्न शुरु गरिनेछ । सोही मितिमा संस्थाको website: saharanepal.coop.np र फेसबुक पेजमा पनि अपलोड गरिनेछ । प्रतिबेदन संस्थाका सबै सेवाकेन्द्रहरुबाट प्राप्त गर्न सकिने छ ।
४) प्रतिबेदनमाथि सदस्यको कुनै सुझाबहरु पेश गर्नु पर्ने भए मितिः २०८२ पौष १६गते कार्यालय समयभित्र लिखित रुपमा आफ्नो पायक पर्ने सेवाकेन्द्रमा बुझाउन सकिनेछ । सदस्यले सुझाब संस्थाको इमेल ठेगानाबमझष्ल२कबजबचबलभउबाीअययउालउ मा इमेल गर्न पनि सकिनेछ ।
५) सबै उपएकाइगत साधारण सभामा संचालक समिति तथा लेखा सुपरीबेक्षण समितिको सहभागिता रहने छ ।
६) एकाइमा हुने साधारण सभाको समय बिहान ११ः०० बजे शुरु हुनेछ साथै स्थान र एकै उपएकाइमा एक भन्दा बढी उप एकाइगत साधारण सभा भएमा शेयर सदस्य नं.कतिदेखि कतिसम्मको कुन मितिमा बोलाउने भन्ने निर्धारण सेवाकेन्द्रले गर्नेछ ।
७) प्रत्येक उपएकाइ साधारण सभाबाट उक्त उपएकाइको साधारण सभाको माइन्युट प्रमाणित गर्नको लागि १७/१७ जना प्रतिनिधि छनोट गरी सभा स्थलमा नै माइन्युट प्रमाणित गरिने छ साथै अन्तिम माइन्युट प्रमाणित गर्नको लागि कम्तिमा३/३ जना प्रतिनिधि छनोट गरिने छ । छनोट भएका कम्तिमा३/३ जना प्रतिनिधिहरुको मितिः २०८२/०९/२१गते सोमबारको दिन बिहानको ११ः०० संस्थाको मूल कार्यालयमा बहुमतको उपस्थितिमा बैठक बसी सोहि दिन दिनको १ः०० बजेबाट हुने अन्तिम माइन्युट प्रमाणित भेलाको लागि उपस्थित प्रतिनिधिहरु मध्येबाट ३१ जना प्रतिनिधिहरु छनोट गरिने छ ।
८) यसरी अन्तिम माइन्युट प्रमाणित गर्नको लागि प्रतिनिधि छनोट गर्दा पाँचथरबाट १, उदयपुरबाट १, इलामबाट २, सुनसरीबाट ४, मोरङ्गबाट ९ र झापाबाट १४ जना गरी कुल ३१ जना प्रतिनिधि छनोट गरिनेछ ।
९) एकाइगत तथा उपएकाइगत साधारण सभा आयोजना सम्बन्धी सूचना राष्ट्रिय स्तरको पत्रिका, संस्थाको वेभसाइट, फेसबुक पेजमा अपलोड तथा एस.एम.एस.गरिएको छ । कुनै कारणबस सूचनाप्राप्त गर्न नसकेको भए यसै सूचनालाई आधार मानी एकाइ/उपएकाई साधारण सभामा उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**एकाइगत तथा उपएकाइ साधारण सभा हुने सेवा केन्द्र तथा मिति :**

| | | |
|---|---|---|
| एकाइ १ | २०८२ पौष १ गते, मंगलबार | बिर्तामोड १, चारपाने १, सुरुङ्गा १, लक्ष्मीपुर, घैलाडुब्बा, दुर्गापुर, बुट्टाबारी, चारआली,, धुलाबारी, इटाभट्टा, काँकरभिट्टा र बौद्धमोड सेवाकेन्द्रहरु । |
| एकाइ २ | २०८२ पौष २ गते, बुधबार | बिर्तामोड २, चारपाने २, सुरुङ्गा २, गौरीगंज, गौरादह, दमक, आइतबारे चुलाचुली, केर्खा, दुधे, शिवगंज र कुन्जीबारी सेवाकेन्द्रहरु । |
| एकाइ ३ | २०८२ पौष ३ गते, बिहिबार | बिर्तामोड ३, मंगलबारे, पथरी, अमरदह, बिराटचोक, तेतरिया, बाहुनी, रमाईलो, लेटाङ्ग, बेलबारी, केराबारी, उर्लाबारी, भौडाहा र मधुमल्ला सेवाकेन्द्रहरु । |
| एकाइ ४ | २०८२ पौष ५ गते, शनिबार | बिर्तामोड ४, चारपाने ३, बिर्ताबजार, चन्द्रगढी, ज्ञानेचोक, बनियानी, पथरिया, ढडुवा, गोलधाप, राजगढ र कुमरखोद सेवाकेन्द्रहरु । |
| एकाइ ५ | २०८२ पौष ७ गते, सोमबार | बलिया, खनार, भमरी, चिमडी, हरिनगरा, देवानगंज, सिजुवा, रंगेली,, कर्सिया, कटहरी, पुष्पलालचोक, बिराटनगर र बाँसबारी सेवाकेन्द्रहरु । |
| एकाइ ६ | २०८२ पौष ९ गते, बुधबार | धरान, तरहरा, इनरुवा, लौकही, झुम्का, चक्रघट्टी, कालाबन्जार, रामपुर, बेल्टार, गाईघाट, नेपालटार र कटारी सेवाकेन्द्रहरु । |
| एकाइ ७ | २०८२ पौष १२ गते, शनिबार | खुदुनाबारी, शनिश्चरे, दानाबारी, बुधबारे, फिक्कल, नयाँबजार, इलाम, मंगलबारे इलाम, राँके, फिदिम, यासोक, थर्पु र रबि सेवाकेन्द्रहरु । |

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले बिभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरूको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मीन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ